बैठक संख्याः २०८२/८३-१७

आज मिति २०८३/०२/२८ गते बिहीबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थितिः

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर बस्नेत | उपाध्यक्ष | |
| ३ | श्री अर्जुन जंग शाह | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

अन्य उपस्थितिः

१. श्री जनकराज जोशी — वरिष्ठ लेखा अधिकृत

२. श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत सातौ

३. श्री हिमा कुमारी रेउले — का स

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।८३
च.न.

मिति २०८३/०२/२८ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. RHVAP PAP Co-Ordination समिति गठन सम्वन्धमा ।
३. जग्गा बर्गिकरण सहितको मुल्याङकन सम्बन्धमा ।
४. आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रम तयार गर्ने सम्वन्धमा ।
५. सिद्ध कुमाख गाउँसभाको १९ औं अधिवेशन सम्वन्धमा ।
६. गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता शुल्क व्यहोर्ने सम्वन्धमा ।
७. राजश्व परामर्श समितिले पेश गरेको आन्तरिक राजश्वका दर तथा दायरा माथि छलफल तथा स्वीकृत सम्वन्धमा ।
८. आर्थिक सहायता सम्वन्धमा ।
९. योजना फरफारक तथा हस्तान्तरण सम्बन्धमा।
१०. आफ्नो क्षेत्राधिकार बाहिर करारोपन नगरेको सम्वन्धमा ।
११. नगर प्रहरीको रिक्त पदमा विज्ञापन गर्ने सम्वन्धमा ।
१२. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
१३. विविध सम्वन्धमा ।

प्रमाणित गर्ने

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०२/०५ गते बसेको गाउँ कार्यपालिकाको सोह्रौ बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ RHVAP PAP Co-Ordination समिति गठन सम्बन्धमा ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकामा उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम कार्यान्वयनका लागि पालिका स्तरीय कृषि पर्यावरणीय योजना(PAP) समन्वय समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| क. सिद्ध कुमाख गाउँपालिका अध्यक्ष श्री भरत गिरी | - संरक्षक |
| ख. सिद्ध कुमाख गाउँपालिका उपाध्यक्ष श्री राम बहादुर बस्नेत | - संयोजक |
| ग. प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन जंग शाह | - सदस्य |
| घ. वडाध्यक्ष श्री रमेश चलाउने सिद्ध कुमाख १ सल्यान | - सदस्य |
| ङ. वडाधक्ष श्री मेक बहादुर बुढाथोकी सिद्ध कुमाख २ सल्यान | - सदस्य |
| च. वडाध्यक्ष श्री जिवराज बोहरा सिद्ध कुमाख ३ सल्यान | - सदस्य |
| छ. वडाध्यक्ष श्री खर्कविर रोका सिद्ध कुमाख ४ सल्यान | - सदस्य |
| ज. वडाध्यक्ष श्री चुडामणी रेउले सिद्ध कुमाख ५ सल्यान | - सदस्य |
| झ. कार्यपालिका सदस्य श्री बुद्धी कवर सिद्ध कुमाख ३ सल्यान | - सदस्य |
| ञ. कार्यपालिका सदस्य श्री आशा परियार सिद्ध कुमाख ३ सल्यान | - सदस्य |
| ट. कार्यपालिका सदस्य श्री मणि सार्की सिद्ध कुमाख ४ सल्यान | - सदस्य |
| ठ. कार्यपालिका सदस्य श्री करणा राना बस्नेत सिद्ध कुमाख ४ सल्यान | - सदस्य |
| ड. कार्यपालिका सदस्य श्री केशर परियार सिद्ध कुमाख २ सल्यान | - सदस्य |
| ढ. विषयगत शाखाका शाखाप्रमुख सवै | - सदस्य |
| ण. कृषि तर्फको कृषक प्रतिनिधि श्री कुलाराम रेउले | - सदस्य |
| त. पशुपन्छी तर्फको कृषक प्रतिनिधि श्री धन बहादुर चलाउने | - सदस्य |
| थ. संकलक केन्द्रको प्रतिनिधि श्री निर्मला बोहरा | - सदस्य |
| द. कृषि सहकारी प्रतिनिधि श्री ललिता गौतम न्यौपाने | - सदस्य |
| ध. योजना शाखा प्रमुख श्री सर्मिला चौधरी | - सदस्य |
| न. पशु शाखा प्रमुख श्री घनश्याम दाहाल | - सदस्य |
| न. R-HVAP प्रतिनिधि कृषि अधिकृत श्री तिल बहादुर राना | - सदस्य |
| प. कृषि शाखा प्रमुख श्री सुरज पौडेल | - संदस्य सचिव |

प्रमाणित गर्ने।

भरत गिरी
अध्यक्ष

**प्रस्ताव नं ३ जग्गा वर्गिकरण सहितको मुल्याङ्कन सम्बन्धमा ।**

**निर्णय नं ३:**

मालपोत कार्यालय सल्यानबाट आगामी आर्थिक वर्ष २०८३/८४ मा सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका घर जग्गाको लिखत (रजिष्ट्रेशन) पारित गर्ने प्रयोजनका लागि न्युनतम मुल्याङकन चालु आव २०८२/८३ को मूल्याङ्कणलाई यथावत राख्न सुझाव दिने निर्णय गरियो।

**प्रस्ताव नं ४ आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रम तयार गर्ने सम्वन्धमा सम्बन्धमा ।**

**निर्णय नं ४:**

आगामी आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम जेठ ५ गतेभित्र सम्म तयार गर्नको लागि सम्पुर्ण विषयगत समिति र शाखागत रुपमा निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ५ सिद्ध कुमाख गाउँसभाको १९ औं अधिवेशन सम्वन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँसभाको १९ औं अधिवेशन मिति २०८३/०३/०७ गते संचालन गर्ने र उक्त गाउँसभाको अधिवेशनमा गाउँसभा अध्यक्ष श्री भरत गिरी द्वारा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम पेश गर्ने र गाउँ सभा उपाध्यक्ष श्री राम बहादुर वस्नेतद्वारा आगामी आव २०८३/८४ को बजेट तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता शुल्क व्यहोर्ने सम्वन्धमा ।**

**निर्णय नं ६:**

गाउँपालिका राष्ट्रिय महासंघको च.न. ११८ मिति २०८२/१२/११ गतेको प्राप्त पत्रानूसार यस सिद्ध कुमाख गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता भए वापतको सदस्यता शुल्क रु ३० हजार अन्य संस्था सहायता शिर्षकबाट गाउँपालिका राष्ट्रिय महासंघ नेपालको बैंक खातामा जम्मा गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं ७ राजश्व परामर्श समितिले पेश गरेको आन्तरिक राजश्वका दर तथा दायरा माथि छलफल तथा स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको राजश्व परामर्श समितिले मिति २०८३ जेठ २५ गते बैठक बसी निर्णय गरेका राजश्वका दर तथा दायराहरु माथि व्यापक छलफल गरी सर्वसम्मतले स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८- आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिलका व्यक्ति / संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो।

| क्र . सं | आर्थिक सहायता पाउने व्यक्तिको नामथर | स्थायी ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | दिपक कामी | सिद्ध कुमाख ४ सल्यान | शारिरीक रुपमा अशक्त भइ उपचार भइरहेको | रु १० हजार |
| २ | छविलाल रोका | सिद्ध कुमाख ५ सल्यान | खसेर खुट्टा भाँचिएर अशक्त भएको | रु १० हजार |
| ३ | तिलक बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | पसल आगलागि भइ क्षति भएको | रु १० हजार |

**प्रस्ताव नं ९ योजना फरफारक तथा हस्तान्तरण सम्बन्धमा।**

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँपलिका आ . व २०८२/०८३ मा जेठ २८ गतेसम्म भुक्तानी भएका तपसिल बमोजिमका योजनाहरु फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिलः

| सि. नं | योजना/ कार्यक्रमको नाम | वडा नं | विनियोजन भएको रकम | भुक्तानी रकम | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिस्ने बिरौटा सिचाई कुलो निर्माण | ५ | १४५५०००.०० | १४३८७३३.२५ | २०८३-०२-२० | |
| २ | सिमपाखा मर्मालिचौर आमा समुह भवन मर्मत र पिपलचौतारा निर्माण | ३ | १९००००.०० | १८८८४७.३७ | २०८३-०२-२७ | |
| ३ | कराने सिचाई कुलो निर्माण योजना | १ | ३८००००.०० | ३७२८७३.०१ | २०८३-०२-२७ | |
| ४ | ठुलासिम हुदै खारिखोला सम्म सिचाई कुलो निर्माण | ३ | १४५४९७७.०१ | १४३४००० | २०८३-०२-२६ | |
| ५ | डिमुरे गैरी देखि कटुजे टोल खानेपानी योजना | ५ | २५६५००.०० | २५६२६४.२६ | २०८३-०२-२६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | दलित टोल खानेपानी टंकी निर्माण योजना | ३ | २५००००.०० | २३३०२२.३३ | २०८३-०२-२७ | |
| ७ | सिमाधारा खानेपानी टंकी योजना | ३ | २८५०००.०० | २८३३८३.८५ | २०८३-०२-१९ | |
| ८ | जनता कालिका आवि भवन मर्मत | ४ | ९५०००.०० | ८०३०८.३८ | २०८३-०२-२० | |
| ९ | महेन्द्र आ.वि. भवन मर्मत योजना | २ | २३७५००.०० | २३७४२०.६६ | २०८३-०२-१९ | |
| १० | शान्ति आवि उपल्लो बौझकाँडा भवन मर्मत तथा कक्षा कोठा व्यवस्थापन | १ | २८५०००.०० | २५७५५८.७६ | २०८३-०१-३० | |
| ११ | बडाकाँडा अधुरो कृषि भवन तथा शौचालय निर्माण योजना | ५ | ४७५०००.०० | ४७४१४३.०७ | २०८३-०२-२६ | |
| १२ | कालाखोला देखी डाँडा सिचाई कुलो निर्माण | ५ | २३७५००.०० | २३७०२९.२६ | २०८३-०१-३० | |
| १३ | झाक्री ढुङ्गाबाट आउने खानेपानीको टंकी निर्माण | ५ | २३७५००.०० | २३६९८१.४६ | २०८३-०१-२९ | |
| १४ | नौधारी माझको सिचाई कुलो निर्माण | ४ | २४००००० | १४१३६५९.४६ | २०८३-०२ -२६ | |
| १५ | त्रिवेणी मेलचौर सडक स्तरोन्नती | १ | १०००००० | ५५९५०२.५५ | २०८३-०२ -२६ | |
| १६ | गाउँपालिका परिसर भित्र क्यान्टीन निर्माण | ३ | १०००००० | ८३९२२०.१९ | २०८२-०८-१९ | |

**प्रस्ताव नं १०** आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको सम्वन्धमा ।

**निर्णय नं १०**

सिद्ध कुमाख गाउँपालिकाको राजश्व परामर्श समितिले मिति २०८३ जेठ २५ गते बैठक बसी आगामी आव २०८३/८४ का लागि निर्णय गरेका राजश्वका दर तथा दायराहरु माथि व्यापक छलफल गर्दा यस गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर कुनैपनि करारोपण नगरिएको सर्वसम्मतले निर्णय गरियो ।

प्रमाणित गर्दछु / प्रमाणित गरेको

भरत गिरी
अध्यक्ष

**प्रस्ताव नं  ११ नगर प्रहरीको रिक्त पदमा विज्ञापन गर्ने सम्वन्धमा ।**

**निर्णय नं ११**

सिद्ध कुमाख गाउँपालिकाको **नगर प्रहरी सेवा संचालन सम्वन्धि कार्यविधि २०८०** को व्यवस्था बमोजिम भर्ना गर्ने गरि देहायका रिक्त पदमा नगर प्रहरीको विज्ञापन आवहान गर्ने निर्णय गरियो ।

| क्र सं | पद | संख्या |
|---|---|---|
| १ | नगर प्रहरी हवल्दार | १ |
| २ | नगर प्रहरी जवान | २ |

**प्रस्ताव नं  १२ गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं १२**

सिद्ध कुमाख गाउँ शिक्षा समितिको मिति २०८३ जेष्ठ २७ गते बसी पारित गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं  १३ आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण सम्वन्धमा ।**

**निर्णय नं १३**

महालेखा परीक्षकको कार्यालयबाट मिति २०८३/०१/२९ मा पेश भएको सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण सम्वन्धमा छलफल गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

भरत गिरी
अध्यक्ष